बैठक संख्या: ३१

आज मिति २०७६/११/३० गतेका दिन उत्तरगया गाउँपालिकाका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यु को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीतमा गाउँकार्यपालिको बैठक वसी देहाय बमोजिमको निर्णय गरियो ।

**उपस्थिती**

१.श्री उपेन्द्र लम्साल -अध्यक्ष

२. चमेली गुरुङ - उपाध्यक्ष

३. श्री बम वहादुर गुरुङ - सदस्य

४ श्री खुवा वहादुर गुरुङ - सदस्य

५. श्री लाल वहादुर तमाङ - सदस्य

६. श्री केशर वहादुर वुलुन - सदस्य

७. श्री इश्वर थापा -सदस्य

८.श्री सीता भट्ट - सदस्य

९. श्री विन्दा रैला - सदस्य

१०.श्री तिर्थ वहादुर घले - सदस्य

११.श्री ज्ञानु वि.क - सदस्य

१२. श्री कृष्ण कुमारी नेपाली - सदस्य

१३.श्री शान्ता कुमारी गलान - सदस्य

१४.श्री अर्जुन खड्का - सचिव

**प्रस्तावहरु**

१.

२.

३.

४.

Scanned by CamScanner

प्रस्तावहरु

१. उत्तरगया खेलमैदान सम्वन्धमा ।

२. क्यानटिन,पाले घर र ग्यारेज निर्माण सम्वन्धमा ।

३. निम्सो खोला झो.पु. सम्वन्धमा ।

४. स्रोत उपयोग तथा निकासि कर लिने सम्बन्धमा ।

५. डि.पि.आर. तयार गर्ने सम्बन्धमा ।

६. कोरोना भाइरस सम्बन्धमा ।

७. भुमेदेवि मा.वि कक्षाकोठा व्यवस्थापन सम्बन्धमा ।

८. 'घ' वर्गको इजाजत पत्र दिने सम्बन्धमा ।

९. साना सिचाई सम्बन्धमा ।

१०. करार सेवा सम्बन्धमा ।

११. बाखाको खोर सुधार सम्मन्धमा ।

**निर्णय नं १** माथी छलफल गर्दा खेलकुद मैदान निमार्ण तथा घलेगडी कमेरी गडी पर्यटकीय क्षेत्र संरक्षण र विकास सम्वन्धमा अर्थमन्त्रालय सिहंदरवार काठमाडौंको च.न. २८४ मिति २०७६।८।२९ को पत्रबाट उत्तरगया खेलकुद मैदान निर्माण गर्न रु. १ करोड ५० लाख विनियोजन भएको र घलेगढी , कमेरीगढी पर्यटकीय क्षेत्र संरक्षण र विकास गर्न १ करोड भएकोमा,

क) माथि उल्लेखीत उत्तरगया खेलमैदान निर्माण गर्न यस गा.पा. भित्रकै एकै स्थानमा मापदण्ड बमोजिम जग्गा उपलब्ध नभएको हुदा उत्त खेलकुद मैदान निर्माण गर्ने पर्ने आबश्यकता भएको हुदा उक्त खेल मैदान तपशिल स्थानमा निर्माण गर्ने निर्णय गरियो ।

अ) ३ नं. वडाको ठुलोगाँउ खेलकुद मैदान निर्माण गर्ने ।

आ) ५ नं. वडाको खाल्टेमा खेलकुद मैदान निर्माण गर्ने ।

ख) माथि उल्लेख भए अनुसार अ, आ र घलेगढी, कमेरेगढी पर्यटकीय क्षेत्र संरक्षण र विकास गर्न सोही स्थानमा निर्माण कार्य गर्नका लागि टेण्डर आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** माथि छलफल गर्दा क्यान्टिन र पाले घर, ग्यारेज निर्माण सम्वन्धमा यस गा.पा.को कार्यालय परिसर भित्र अस्थाई सभाहल निर्माण गर्न विनियोजन भएको रकम रु १२ लाख मध्ये टेण्डर आह्वान गर्दा बचत भएको रकम बाट उक्त कार्य निर्माण ,फर्निसिङ र शौचालय निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** माथि छलफल गर्दा निम्सो खोला झो.पु को डिपीआर तयार गर्ने तथा अनुगमनको लागि डिफिड पूर्णीमा कार्यक्रमबाट पुल निर्माण गर्नलाई बजेट विनियोजन भएको हुँदा उक्त पुलको लागि लागत अनुमान अनुसार लाग्ने ६ प्रतिशत रकम परामर्श सेवाबाट सिडस रसुवालाई विनियोजन गर्ने साथै

Scanned by CamScanner

सिभिल कार्य वा कामको लागी जम्मा लागत अनुमान को रकम बाट ७ प्रतिशत रकम उपभोक्ता समिति लाई कन्टेन्जसी रकम बाट भुत्तानि गर्ने गरी निर्णय गरियो ।

**निर्णय नं.** ४ माथि छलफल गर्दा यस उत्तगया गा.पा. भित्र निर्माणाधिन जलविद्युत निर्माण कम्पनिहरुले यस गा.पा.को क्षेत्रभित्रको नदि जन्य पदार्थ गिट्टी, वालुवा, ढुङ्गा, ग्रावेल, प्रयोग गरे वापत प्रति क्युफिट रु. ६ का दरले श्रोत सदुपयोग कर यसै आ.व बाट लिने र सो को जानकारी सम्वन्धीत निकायमा गराउने निर्णय गरियो ।

**निर्णय नं.** ५ माथि छलफल गर्दा नया पुल पैरेवेशी, भलायडाडाँ, कुवापानी, ढकालटोल मनिगाँउ सम्मको सडकको डिपिआर तयार गर्न  रु. ३ लाख  उक्त रकम परामर्श सेवा बाट खर्च हुने गरी विनियाजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ६ माथि छलफल गर्दा कोरोना भाइरसको नियन्त्रण, रोकथाम गर्न सामाजिक सचेतना गर्न लाई यस गा.पा. मा तपशिल बमोजिमको  गठीत समितिमा आमन्त्रीत सदस्यको रुपमा  रहने गरी गाउँपालिका स्तरीय समिति पुर्णता दिने  निर्णय गरियो ।

| | |
|---|---|
| वडा नं. १ | टिस्युङ तामाङ |
| वडा नं. २ | उत्तम घले |
| वडा नं. ३ | पुर्ण वहादुर गुरुङ |
| वडा नं. ४ | मनविर विक |
| वडा न. ५ | उत्तम लामिछाने |

**निर्णय नं.** ७ माथि छलफल गर्दा यस गा.पा.को वडा नं ३ मा पर्ने भुमिदेवि मा.वि ठुलोगाँउ को कक्षा कोठा व्यवस्थापनको लागि यस कार्यालयको चालु आ.ब.मा प्राप्त हुने कन्टेन्जेन्सी रकमवाट भुक्तानि हुने गरी रु १ लाख ५० हजार रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ८ माथि छलफल गर्दा  गरिमा निर्माण सेवाले यस कार्यालयमा पेशको कागपत्र पेश भए वमोजिम तथा  'घ' वर्गको इजाजत समितिले पेश गरे वमोजिम उक्त कम्पनिलाई 'घ'  वर्गको इजाजत पत्र दिने निर्णय गरियो ।

**निर्णय नं.**९ माथि छलफल गर्दा कृषि तर्फ संघिय सरकारको शर्सत अनुदान बाट प्राप्त बजेट खर्च गर्ने गरी कार्यविधि अनुसार १ वटा साना सिचाई योजना रु. १ लाख  ५० हजार सम्म बजेट खर्च गर्न सकिने प्रावधान रहेकोले माग भई आएको योजनाहरु मध्येबाट कार्यविधि सँग मिल्ने योजनाहरुलाई प्राथमिकता दिई योजना छनौट गरी काम गर्ने साथै कृषि भकारो सुधार कार्यक्रम प्रत्येक वडा मा ५ वटा का दरले २५ वटा निमार्ण वडाको सीफारिस अनुसार गर्ने  तथा अन्य ठुला योजनाहरु लाई आगामी आ.ब.को गाउँ सभाबाट सम्बोधन गर्न प्राथमिकता दिने निर्णय गरियो ।

**निर्णय नं.** १० माथि छलफल गर्दा यस कार्यालय दैनिक प्रशासनिक काम काज गर्न तपशिलका पदहरु पदपुर्ति गर्न अति आबश्यक भएकोले तपशिलका स्थानको कार्यालयमा काम काज गर्ने गरी निज लाई कन्टिन्जेसी को रकम र सेवा करारको रकमावाट खर्च गरी सेवा करारमा नियुक्ति गर्ने निर्णय गरीयो ।

Scanned by CamScanner

तपशिल

१. ना.प.स्वा प्रा. १ जना पशु सेवा सर्म्पक केन्द्र मैलुङ

२. हलुका सवारी साधन चालक १ जना गापा

३.कार्यलय सहयोगी १ जना ठुलोगाँउ स्वास्थ्य चौकी

४.कार्यलय सहयोगी १ जना २ वडा कार्यालय डाँडागाँउ

**निर्णय नं ११ माथि छलफल गर्दा पशु सेवा शाखा वाट बाखाको खोर सुधार कार्याक्रम बाट ५ वटै वडा मा ११ वटाको दरले जम्मा गाँउपालिका भरी ५५ वटा निमार्ण गर्ने निर्णय गरीयो ।**

Scanned by CamScanner